"कृषि, पर्यटन र साँस्कृतिक पूर्वाधारः टेम्केमैयुङ विकासको आधार"

# टेम्केमैयुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर

१ नं. प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः- २०७९/०९/२५**

यस टेम्केमैयुङ गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्धारा करार सेवामा एक जना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय -पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण-पत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको/राजश्व भौचरको अर्धकट्टी तथा नेपाल वाहेक अन्य मुलुकवाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस टेम्केमैयुङ गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ । रित नपुगेको तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परिक्षा दस्तुर नवुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून वमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयम् हुनु पर्नेछ ।

१. विज्ञापन नं. :- ०७/२०७९/८०

२. पद :- अपाङ्ता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै)

३. माग संख्या :- १ जना

४. सेवाको किसिम :- करार सेवा

५. दरखास्त बुझाउने अन्तिम मिति :- २०७९/१०/०९

६. उम्मेद्वारको छनौट विधिः- प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन

७. दरखास्त फाराम प्राप्त गर्ने र वुझाउनु पर्ने स्थानः- टेम्केमैयुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, अन्नपूर्ण भोजपुर

८. परिक्षा दस्तुरः- रु ३००/- (तीनसय रुपैया मात्र )

९. परीक्षा दस्तुर वुझाउने प्रकृयाः- बैंक भोचर वा राजश्व तिरेको भौचर फाराम साथ पेश गर्नुपर्नेछ ।

१०.परीक्षा संचालन हुने मिति, समय र स्थानः- दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुइदिन भित्र यस टेम्केमैयुङ गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै वेव साइट र गाउँपालिकाको फेसवुक पेजमा समेत प्रकाशित गरिनेछ ।

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

टेम्केमैयुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्नपूर्ण, भोजपुर १ नं. प्रदेश, नेपाल

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनोट तथा सिफारीस समितिमा निहित रहनेछ ।

१२. मासिक तलबः- करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक ।

(ख) अपाङ्गता भएका व्यक्ति ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +2 वा सो सरह उत्तीर्ण गरेको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(ङ) अपाङ्गता सम्वन्धि काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्यूटर सम्वन्धि तालिम

लिएको, बहिरा नागरिकको लागि साँकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत